# सिद्धार्थनगर नगरपालिका कार्यालय
## सिद्धार्थनगर, रुपन्देही


प.सं. प्रशासन ०७०/०७१ मिति :– २०७०।६।६
च.नं.

**विषय : निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
न.पा. व्यवस्थापन शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०७० साल भाद्र महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल**

**मिति २०७०।५।४ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री टीकादत्त राई ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिति**

श्री टीकादत्त राई – प्रमुख/का.अ. सि.न.पा.

**आमन्त्रीत**

श्री शैलेन्द्र प्रसाद श्रेष्ठ – ब.ई. सि.न.पा.
श्री बिवेक कुमार खनाल – ब.अ. सि.न.पा.
श्री गणेश बहादुर क्षेत्री – ब.अ. सि.न.पा.
श्री श्रीराम गुप्ता – अध्यक्ष, कर्मचारी एशोसिएशन
श्री योगराज पन्थी – ना.सु. (प्रशासनिक काम गर्ने)

**निर्णय नं. १ (एक)**

एकीकृत शहरी विकास आयोजना, परियोजना कार्यान्वयन इकाईको कार्यालय सञ्चालन गर्न आवश्यक सवारी साधन (मोटरसाईकल) खरीद गर्न ३ वटा फर्महरु संग दरभाउ पत्र माग गरिएकोमा निम्नानुसार पेश हुन आएको दरभाउ पत्रहरु मध्ये सबै भन्दा घटीवालाको दरभाउ पत्र अनुसारको सामान खरीद गर्न मूल्यांकन समितिबाट सिफारिस भई आए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**सामानको नाम : सवारी साधन (मोटरसाईकल)**

| नेपाल जनरल मार्केटिङ्ग प्रा.लि., शो रुम भैरहवा | श्री सिद्धि विनायक इन्टरप्राइजेज सिद्धार्थनगर-१३ | भाजुरत्न इन्जिनियरिङ्ग एण्ड सेल्स लि., भैरहवा शाखा |
|---|---|---|
| १,६०,५००।०० (१ थान) | १,६२,०००।०० (१ थान) | १,७४,९००।०० (१ थान) |
| ३,२१,०००।०० (२ थान) | ३,२४,०००।०० (२ थान) | ३,४९,८००।०० (२ थान) |
| (भ्याट समेत) | (भ्याट समेत) | (भ्याट समेत) |
| सुपर स्पलेण्डर १२५ सि.सि. | सुपर स्पलेण्डर १२५ सि.सि. | सि.बि. साईन १२५ सि.सि. |

पेश भएका तीन वटा दरभाउ पत्र मध्ये नेपाल जनरल मार्केटिङ्ग प्रा.लि., शो रुम भैरहवाको सबै भन्दा कम १ थानको रु. १,६०,०००।- (भ्याट समेत), २ थानको रु. ३,२१,०००।- (भ्याट समेत) दररेट पेश भएको हुँदा मूल्यांकन समितिबाट सिफारिस भई आए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. २ (दुई)</u>**

एकीकृत शहरी विकास आयोजना, परियोजना कार्यान्वयन इकाईको कार्यालय सञ्चालन गर्न आवश्यक गाडी (सवारी साधन) खरीद गर्न ३ वटा फर्महरु संग दरभाउ पत्र माग गरिएकोमा निम्नानुसार पेश हुन आएको दरभाउ पत्रहरु मध्ये सबै भन्दा घटीवालाको दरभाउ पत्र अनुसारको सामान खरीद गर्न मूल्यांकन समितिबाट सिफारिस भई आए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

**सामानको नाम : गाडी (सवारी साधन)**

| सौरभ अटो केयर, भरतपुर-११ | समृद्धि इन्टरप्राइजेज, त्रिभुवननगर-११ | सौरभ इन्टरप्राइजेज, त्रिभुवननगर-११ |
|---|---|---|
| ३८,५०,०००।०० | ३८,००,०००।०० | ३७,५०,०००।०० |
| (भ्याट समेत) | (भ्याट समेत) | (भ्याट समेत) |

पेश भएका तीन वटा कोटेशन मध्ये सौरभ इन्टरप्राइजेज, त्रिभुवननगर-११ को सबै भन्दा कम रु. ३७,५०,०००।०० (भ्याट समेत) दररेट पेश भएको हुँदा मूल्यांकन समितिबाट सिफारिस भई आए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ३ (तीन)</u>**

एकीकृत शहरी विकास आयोजना, परियोजना कार्यान्वयन इकाईको कार्यालय सञ्चालन गर्न आवश्यक जेनेरेटर (३० के.भी.ए.) खरीद गर्न ३ वटा फर्महरु संग दरभाउ पत्र माग गरिएकोमा निम्नानुसार पेश हुन आएको दरभाउ पत्रहरु मध्ये सबै भन्दा घटीवालाको दरभाउ पत्र अनुसारको सामान खरीद गर्न मूल्यांकन समितिबाट सिफारिस भई आए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

**सामानको नाम : जेनेरेटर (३० के.भी.ए.)**

| ज्योती ट्रेड कन्सर्न, सिद्धार्थनगर-१३ | श्री सिद्धि विनायक इन्टरप्राइजेज सिद्धार्थनगर-१३ | शुभम ट्रेड लिंक सिद्धार्थनगर-१२ |
|---|---|---|
| ६,३२,८००।०० | ६,७६,८७०।०० | ६,६६,७००।०० |
| (भ्याट समेत) | (भ्याट समेत) | (भ्याट समेत) |
| किर्लोस्कर ३० के.भी.ए. | किर्लोस्कर ३० के.भी.ए. | किर्लोस्कर ३० के.भी.ए. |




**"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका**
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

पेश भएका तीन वटा कोटेशन मध्ये ज्योती ट्रेड कन्सर्न, सिद्धार्थनगर-१३ को सबै भन्दा कम रु. ६,३२,८००।- (भ्याट समेत) (किर्लोस्कर ३० के.भी.ए.) दररेट पेश भएको हुँदा मूल्यांकन समितिबाट सिफारिस भई आए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

## मिति २०७०।५।११ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार

### निर्णय नं. १(एक)

न.पा. बाट आ.ब. २०६९।७० मा सम्पादित कार्यक्रमहरुको समिक्षा गर्न मिति २०७०।५।२६ गते दिनको १.०० बजे समिक्षा गोष्ठि ओजना गर्ने निर्णय गरियो ।

### निर्णय नं. २(दुई)

आन्तरिक लेखा परीक्षण कार्ययोजना २०७०/०७१ पारित गर्ने निर्णय गरियो ।

### निर्णय नं. ३ (तिन)

न.पा. को आ.ब. २०६९।७० को नीति, योजना तथा कार्यक्रम र सेवा प्रवाहबाट आर्थिक तथा सामाजिक विकासमा गरेको समग्र लेखा जोखा र विश्लेषण र मुल्याँङ्कन गरी सम्बन्धित संस्थाबाट तयार गरेको सामाजिक परीक्षणको प्रारम्भिक प्रतिवेदन समिक्षा गोष्ठिमा प्रस्तुत गर्ने निर्णय गरियो ।

### निर्णय नं. ४(चार)

न.पा. बाट नियन्त्रणमा लिईएका छाडा गाई, गोरु, बाखा, भैसी सम्बन्धि धनी ७(सात) दिन भित्र फिर्ता लिन आएमा प्रतिगोटा प्रतिदिन ५००।– (पाँच) सयका दरले जरिवाना लिई फिर्ता दिने र उक्त अवधि भित्र धनी फिर्ता लिन नआएमा न.पा. ले आफ्नै पहलमा व्यवस्थापन गर्ने निर्णय गरियो ।

### निर्णय नं. ५(पाँच)

सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत सि.न.पा. क्षेत्र भित्र रहेका जेष्ठ नागरिकहरु मध्ये तपशिल बमोजिमका जेष्ठ नागरिक महिला १(एक) र पुरुष १(एक) लाई सम्मान गर्ने निर्णय गरियो ।

१. श्री हरिकला खनाल – सि.न.पा. वडा नं. ८, जेष्ठ महिला ।
२. श्री औधराज कुर्मि – सि.न.पा. वार्ड नं. ६ पिपरहिया, जेष्ठ पुरुष ।

साथै सन्त्वना स्वरुप जनही रु २,५००।– (दुई हजार पाँच सय) नगद दिने निर्णय गरियो ।

**मिति २०७०।५।२५ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री टीकादत्त राई ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री टीकादत्त राई | – | प्रमुख/का.अ. सि.न.पा. |

**आमन्त्रीत**

| | | |
|---|---|---|
| श्री शैलेन्द्र प्रसाद श्रेष्ठ | – | ब.ई. सि.न.पा. |
| श्री बिवेक कुमार खनाल | – | ब.अ. सि.न.पा. |
| श्री गणेश बहादुर क्षेत्री | – | ब.अ. सि.न.पा. |
| श्री देव प्रसाद ज्ञवाली | – | शाखा अधिकृत |
| श्री श्रीराम गुप्ता | – | अध्यक्ष, कर्मचारी एशोसिएशन |

**निर्णय नं. १(एक)**

सिद्धार्थनगर नगरपालिका कार्यालयको अर्थिक बर्ष २०६९/७० को अन्तिम लेखा परीक्षण गर्न श्री भुर्तेल एण्ड एशोसिएट्स चार्टड एकाउन्टेन्टस, मिलनचोक बुटवललाई लेखा परीक्षकमा नियुक्ति गरेको अनुमोदन गरियो ।

**निर्णय नं. (२)**

नगरविकासमा महत्वपूर्ण योगदान गर्ने देहायका संस्था तथा व्यक्तिहरुलाई सम्मान गर्ने निर्णय गरियो ।

**तपसिल**

१. महिला तथा स्वास्थ्य स्वयंम सेविका अध्यक्ष
२. बेलहिया गाउँ समाजका अध्यक्ष
३. बैकरोड व्यापार प्रवर्द्धन समितिका अध्यक्ष
४. एकिकृत सम्पत्तिकर पहिलो तिर्ने – श्री उमा काफ्ले, सि.न.पा. वार्ड नं. ७
५. एकिकृत सम्पत्ति कर सबै भन्दा बढी तिर्ने – श्री सिताराम उप्रेती, सि.न.पा. वार्ड नं. ८
६. श्री वैदिक सनातन धर्म सेवा समिति सिद्धार्थनगरका अध्यक्ष
७. सि.न.पा. वार्ड नं. ४ को ढाके क्लव
८. सवै भन्दा बढी व्यवसाय कर तिर्ने Happy Hour Pvt. (क्यासिनो)
९. फोहोरमैला तथा वातावरण समिति, सि.ना. वाड्र नं. ७
१०. फोहोरमैला तथा वातावरण समिति, सि.न.पा. वार्ड नं. ८
११. सडक पिच तथा नाला निर्माण उपभोक्ता समिति सि.न.पा. वाड नं. ९



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. ३(तिन)**

निजामती सेवा दिवस २०७० मनाउने सन्र्दभमा प्र. जि.अ. श्री बालकृष्ण पन्थीको अध्यक्षतामा बसेको वैठकले गरेको निर्णय नं. ५ मा यस न.पा. ले रु १०,०००।– अक्षरुपी रु (दश हजार) खर्च व्यवस्थापन गर्ने निर्णय भए बमोजिम सो दिवस मनाउन उक्त रकम दिने निर्णय गरियो ।

**निर्णय नं. ४(चार)**

सिद्धार्थनगर नगरपालिकाको स्वामित्वमा रहेको सि.न.पा. वार्ड नं. १३ स्थित सभागृह, सो सभागृहले चर्चेको जग्गा र पूर्वमा अद्धैतपथ, पश्चिममा सिद्धार्थराजमार्ग, दक्षिण ग्राभेल बाटो र उत्तरमा लाकौल होटल क्षेत्रमा पर्ने नगरपालिकाको स्वामित्वमा रहेको जग्गा समेत उपयोग गरी आगामी दिनमा व्यवस्थित तथा दिगो किसिमले सञ्चालन गर्न सार्वजनिक नीजि साझेदारी अवधारणा अर्न्तरगत लिजमा दिने नगरपालिकाको नगरपरिषदको नीतिगत निर्णय बमोजिम नगरपालिकाबाट सम्बन्धित पक्षहरुबाट सो प्रयोजनका लागी प्रस्ताव आव्हान गरी सूचना प्रकाशन गरे अनुरुप तोकिएको समयाबधिमा पर्न आएको प्रस्तावहरु मूल्यांङ्कन हुँदा सिद्धार्थनगर नगरपालिका वार्ड नं. ३ का पटवा टेन्ट हाउस का प्रो. श्री नीलम पटवाको प्रस्ताव आर्थिक र प्राविधिक दृष्टिले उपयुक्त देखिए अनुसार निजको प्रस्ताव स्वीकृतीका लागी छनौट गरी सभागृह सञ्चालन सम्बन्धमा प्रस्तावकबाट दिर्घकालीन योजना सहितको प्राविधिक डिजाईन माँग गरी सो समेत अध्ययन गरी स्वीकृती हुन नगरपालिकाको मूल्याँकन समितिको मिति २०७०।३।१० गते बसेको बैठकले सिफारिश गरे अनुसार कार्यालयको च.नं. १०६९९ मिति २०७०।३।३१ को पत्रबाट दिर्घकालीन योजना सहितको डिजाईन निज पटवा टेन्ट हाउसका प्रो. निलम पटवा संग माग गरिएकोमा कार्यालयमा मिति २०७०।४।१७ मा पेश भएको प्राविधिक डिजाईन सभागृहको दिगो व्यवस्थापन र विकासको दृष्टिले उपयुक्त नै देखिएको हुँदा सो समेत स्वीकृत गरी मुल्याँकन समितिबाट सिफारिश भए मुताविक करार सम्झौतामा उल्लेखित शर्तहरुको अधिनमा रहि सभागृह सञ्चालन गर्ने गरी २० (बिस) बर्षका लागी लिजमा दिने गरी निज प्रस्तावकको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ (पाँच)**

एकीकृत शहरी विकास आयोजना, परियोजना कार्यान्वयन इकाईको कार्यालय सञ्चालन गर्न आवश्यक सवारी साधन (मोटरसाईकल) खरीद गर्न ३ वटा फर्महरु संग दरभाउ पत्र माग गरिएकोमा निम्नानुसार पेश हुन आएको दरभाउ पत्रहरु मध्ये सबै भन्दा घटीवालाको दरभाउ पत्र अनुसारको सामान खरीद गर्न मूल्यांकन समितिबाट सिफारिस भई आए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

**सामानको नाम : सवारी साधन (मोटरसाईकल)**

| नेपाल जनरल मार्केटिङ्ग प्रा.लि., शो रुम भैरहवा | श्री सिद्धि विनायक इन्टरप्राइजेज सिद्धार्थनगर-१३ | भाजुरत्न इन्जिनियरिङ्ग एण्ड सेल्स लि., भैरहवा शाखा |
|---|---|---|
| ३,२१,०००।०० (२ थान)<br>(भ्याट समेत)<br>सुपर स्पलेण्डर १२५ सि.सि. | ३,२४,०००।०० (२ थान)<br>(भ्याट समेत)<br>सुपर स्पलेण्डर १२५ सि.सि. | ३,४९,८००।०० (२ थान)<br>(भ्याट समेत)<br>सि.बि. साईन १२५ सि.सि. |

पेश भएका तीन वटा दरभाउ पत्र मध्ये नेपाल जनरल मार्केटिङ्ग प्रा.लि., शो रुम भैरहवाको सबै भन्दा कम २ थान सुपर स्पलेण्डर १२५ सि.सि. मोटरसाईकलको रु. ३,२१,०००।- (भ्याट समेत) दररेट पेश भएको हुँदा मूल्यांकन समितिबाट सिफारिस भई आए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np